## भंगहा नगरपालिका


# स्थानीय राजपत्र

खण्डः संख्याः मितिः

विद्यालय शिक्षा क्षेत्र योजना (२०७९-२०८९) संग सम्बन्धित

# समता रणनीति कार्यान्वयन योजना,२०८१

# भंगहा नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
## महोत्तरी, मधेश प्रदेश, नेपाल
### पालिकाको नक्सा




स्रोत: स्थलरुप नक्सा (स्केल १:२५००० / १:५००००), नापी विभाग र जनगणना २०६८, केन्द्रिय तथ्यांक विभाग

Projection System: MUTM, Spheroid - Everest 1830
MoFALD,2074

## नगर शिक्षा समितिका पदाधिकारीहरु

- संजिव कुमार साह (नगर प्रमुख) - संयोजक
- विजय कुमार यादव (प्रमुख प्रशासकिय अधिकृत) - सदस्य
- राजिशरण यादव (वडा अध्यक्ष) - सदस्य
- राजेन्द्र प्रसाद सिंह (कार्यपालिका सदस्य) - सदस्य
- श्रीराम यादव (सामुदायिक विद्यालय प्र.अ.) - सदस्य
- मो. अलि (धार्मिक विद्यालय प्र.अ.) - सदस्य
- अरुण कुमार भुजेल (वरिष्ट शिक्षक) -सदस्य
- आरती कुमारी (महिला शिक्षक) - सदस्य
- नर बहादुर पाखिन (शिक्षा अधिकृत) - सदस्य सचिव

समता रणनीति कार्यान्वयन योजना निर्माण कार्यदलका पदाधिकारीहरु

| | | |
|---|---|---|
| १. | लक्ष्मी नारायण साह | संयोजक |
| २. | नर बहादुर पाखिन | सदस्य |
| ३. | लिलानाथ गौतम | सदस्य |
| ४. | आरति कुमारी | सदस्य |
| ५. | अरुण कुमार भुजेल | सदस्य |

विषयसूची

१.१ पृष्ठभूमि
१.२ शिक्षाको कानूनी तथा संबैधानिक व्यवस्था
१.३ कार्यक्रमका मुख्य उद्देश्यहरु
१.४ कार्यक्रमका मुख्य उद्देश्य
१.५ योजना निर्माण प्रक्रिया तथा अवस्थाको विश्लेषण
१.६ विद्धमान अवस्था, चुनौती तथा योजनाको खाका

अध्याय २ः बालविकास/पुर्व प्राथमिक शिक्षा

२.१ बालविकास केन्द्र र पुर्व प्राथमिक शिक्षा

२.२ बालासिकास केन्द्रका चुनौतिहरु

२.३ बालविकास केन्द्र सुधारका लागि समता रणनीति, यसका कार्यनीति र कार्यक्रम

२.४ बालविकास केन्द्रमा देखिएका चुनौती न्यूनीकरण गर्ने उपायहरु

२.५ अनुगमन साधनहरु

२.६ प्रमुख कार्यक्रम तथा अनुमानित लागत

अध्याय ३ : आधारभूत तह शिक्षा

३.१ आधारभूत तह शिक्षा
३.२ योजना कार्यान्वयनका चुनौतिहरु
३.३ समता रणनीति तथा कार्यक्रम
३.४ प्राथमिकतामा राखिएका कार्यक्रमहरुको अनुमानित लागत
३.५ प्रमुख कार्यक्रम तथा अनुमानित लागत

## अध्याय १ : भंगहा नगरपालिकाको परिचय

### *१.१. पृष्ठभूमि*

भंगहा नगरपालिका नेपालको मधेश प्रदेशमा अवस्थित छ । ७७ वटा जिल्ला मध्ये एक महोत्तरी जिल्ला १५ स्थानीय तह रहेका छन् । जस मधये १० नगरपालिका र ५ गाउपालिका छन् । यो नगरपालिका ७७.२१ वर्ग किलोमिटरमा क्षेत्रफलमा फैलिएको छ । यो नगरपालिका साबिक ६ वटा गा.वि.स.हरु क्रमशः सिग्याही, भंगहा, हत्तिसर्वा, मेघनाथ गोरहन्ना, धर्मपुर र हरिहरपुर हरिणमरी मिलेर बनेको छ । भंगहा नगरपालिकाको कार्यालय भंगहा नगरपालिकाको वडा नं. ५ मा रहेको छ । यो नगरपालिका जिल्ला सदरमुकामबाट १९ किलोमिटर उत्तरमा अवस्थीत छ । नगरपालिकाको आक्षाँस २६.८७ N र देशान्तर ८५.८८ E मा अवस्थीत रहेको छ । यस नगरपालिकाको पुर्वमा धनुषा जिल्लाको लक्ष्मिनियाँ र बटेश्वर गाउपालिका, पश्चिममा औरही नगरपालिका, उत्तरमा बर्दिबास नगरपालिका र दक्षिणमा लोहारपट्टी नगरपालिका पर्दछन् ।

### *१.२ शिक्षाको कानुनी तथा संवैधानिक व्यवस्था*

सबकै लागि शिक्षाको विश्वव्यापी घोषणा सन् १९९० तथा इन्चोन घोषणा सन् २०१५, दिगो विकास लक्ष्य सन् २०१६-२०३० को विकास लक्ष्य नं. ४ : “सबैका लागि समतामूलक तथा समावेशी गुणस्तरीय शिक्षाको सुनिश्चितता र जीवनपर्यन्त सिकाइका अवसरको प्रवद्धन गर्ने” जस्ता अन्तर्राष्ट्रिय प्रतिवद्धताहरु पुरा गर्नका लागि नेपाल सरकारको प्रतिवद्धता रहेको अवस्था छ । सन् २०३० भित्र दिगो विकास लक्ष्य हासिल गर्ने मुख्य साधनका रुपमा विद्यालय क्षेत्र विकास योजना ९क्अजययिा क्भअतयच म्भखभयिऋभलत एबिल क्क्म्ए० सन् २०१६-२०२३ को कार्यान्वयनमा छ । नेपालको संविधानमा प्राम्भिक बाल विकास शिक्षा देखि कक्षा १२ सम्मको विद्यालय शिक्षाको व्यवस्थापकीय जिम्मेवारी स्थानीय तहमा रहने व्यवस्था गरीएको छ । स्थानीय सरकार संचालन ऐन २०७४ को परिच्छेद-३ स्थानिय तहको काम, कर्तव्य र अधिकार अन्तर्गत दफा ११ उपदफा (२) को ज) मा आधारभूत र माध्यमिक शिक्षा कार्यान्वयन, अनुगमन र मुल्याङ्कन तथा नियमन समेतको अधिकारको व्यवस्था गरीएको छ । स्थानिय सरकारले आफ्नो क्षेत्र भित्र विद्यालय आएका र आउन बाँकी बालबालिकाको पहिचान गरी तिनीहरुलाई सहयोग पुऱ्याउनु पर्ने, त्यसका लागि कानून निर्माण गरी स्वीकृत गरेर कार्यान्वयन संयन्त्र निर्माण गर्नु पर्ने, विपन्न अभिभावक वा घरपरिवारलाई आर्थिक सहयोग उपलब्ध गराउनु पर्ने, निःशुल्क माध्यमिक शिक्षाको कार्यान्वयनमा ध्यान दिनु पर्ने, छात्रवृत्तिको व्यवस्था गर्नु पर्ने, दिवा खाजाको व्यवस्था गर्नु पर्ने, प्राथमिक उपचारको व्यवस्था गर्नु पर्ने, समावेशीताको सिद्धान्त अनुसार विशेष सहयोग पुऱ्याउनु पर्ने, विद्यार्थीका लागि बालमैत्री विद्यालय र कक्षाकोठाको व्यवस्था गर्नु पर्ने गरी प्रारम्भिक बाल विकास केन्द्र, पूर्व प्राथमिक विद्यालय, आधारभूत तह, माध्यमिक शिक्षा, अनौपचारिक शिक्षा, सामुदायिक अध्ययन केन्द्र, मदरसा तथा शिक्षासँग सम्बन्धित कार्यालयहरुलाई आफ्नो मातहतमा राखि व्यवस्थापन गर्ने व्यवस्था संविधान तथा ऐन कानूनले गरेको छ । उक्त ऐनले विद्यालय व्यवस्थापन समिति गठन तथा व्यवस्थापन, सामुदायिक विद्यालयको शैक्षिक पूर्वाधार निर्माण र मर्मत सम्भार, विद्यालयको नक्साङ्कन व्यवस्थापन लगायत अनुमति, स्वीकृति, समायोजन तथा नियमन समेतको व्यवस्था गरेको छ ।

नेपालको संविधानको भावना अनुसार नेपालका सबै बालबालिकाहरुलाई आधारभूत तह सम्मको शिक्षा निः शुल्क तथा अनिवार्य हुने भनेर शिक्षालाई मौलिक हकको रुपमा नै व्यवस्था गरिएको छ । यही संवैधानिक मान्यतालाई कार्यान्वयन गर्न विश्वका विभिन्न शिक्षा फोरमहरुमा नेपालले विभिन्न समयमा विभिन्न किसिमका प्रतिवद्धताहरु गर्दै त्यसलाई कार्यन्वयन गर्न विभिन्न किसिमका कार्यक्रमहरु आवधिक कार्यक्रमका रुपमा कार्यान्वयन गर्दै आएको छ जसले नेपालका सबै बालबालिकाहरुलाई शिक्षामा समान अवसर सिर्जना गरेको छ । त्यस्तै स्थानिय सरकार संचालन ऐनले संवैधानिक रुपमा स्थानिय तहलाई दिइएका अधिकारहरुको प्रयोगमा थप मार्ग चित्र प्रस्तुत गर्दै शिक्षा प्राप्तिको मौलिक हकलाई कार्यान्वयन गर्न थप सहज भएको छ ।

यही यर्थाथलाई मध्यनजर गर्दै भंगहानगरपालिकाले पनि शिक्षा सम्बन्धि विभिन्न किसिमका ऐन नियम तथा कार्यविधिहरु तर्जुमा गरी कार्यन्वयनमा जाने क्रममा रहेको छ भने स्थानीय शिक्षा नीति निर्माण गरी सोही आधारमा नगरपालिकाका हरेक किसिमका शैक्षिक गतिविधिहरु संचालन हनु पदर्छ भन्ने कुरा पनि उठ्न थालेको छ । त्यस्तै यस नगरपालिकामा विद्यालय बाहिर रहको बालबालिकाहरुलाई विद्यालयमा भर्ना गराई सक्रिय सहभागितामा सिकाइ स्तर बढाउदै लैजानका लागि विद्यालय शिक्षा विकास कार्यक्रम अन्तर्गत समता रणनीति कार्यान्वयन योजना लागु गरिएको हो ।

### १.३ कार्यक्रमका मुख्य उद्देश्यहरु

यस कार्यक्रमका मुख्य उद्देश्य विद्यालय उमेरका बालबालिकाहरुलाई शिक्षामा पहुँच बृद्धि गरी शैक्षिक कार्यकलापहरुमा सहयोग गर्नुका साथै विद्यार्थीहरुको सिकाइ उपलब्धिमा बृद्धि गर्नु नै हो । यसका साथै यस कार्यक्रमका उद्देश्यहरु देहाय अनुसार हुनेछन् :

१) विद्यालय उमेर समूहका विद्यालय बाहिर रहको बालबालिकाहरुको पहिचान गरी तिनीहरुलाई विद्यालय भर्ना गरी टिकाइ राख्नका लागि विभिन्न प्रकारका प्रोत्साहनमूलक कार्यक्रमहरु संचालन गर्ने ।

२) विद्यालय उमेर समूहका बालबालिकाहरुलाई विद्यालय नपठाउने घर परिवारलाई सरकारी सेवा सुविधा प्राप्त गर्न अनिवार्य शर्तको रुपमा लागु गर्न आवश्यक कार्यबीधि तर्जुमा गर्ने ।

३) नगरपालिका भित्रका आधारभूत तहका शिक्षकहरुलाई निरन्तर विद्यार्थी मुल्यांकन, बुक कर्नर प्रयोग, बालविकास व्यवस्थापन सम्बन्धि तालिम दिने तथा निरन्तर मूल्यांकन प्रणाली अबलम्बन गर्ने ।

४) शिक्षकहरुलाई प्रोत्सहान दिन गाउँ शिक्षक पुरस्कारको व्यवस्था गरी प्रत्येक वर्ष कुनै अवसर पारेर उत्कृष्ट वर्ष शिक्षक घोषणा गरी पुरस्कृत गर्दै जाने ।

५) नगरपालिका क्षेत्र भित्र शिक्षामा सकारात्मक सहयोग पु¥याउने संघसंस्थाहरुको कार्यलाई समता र समावेशी शिक्षाका कार्यक्रमहरुमा जोड्ने ।

६) विद्यालय दिवा खाजा प्रणालीलाई विद्यार्थीहरुको नियमितता सँग जोड्ने ।

७) गरिबीका कारणले विद्यालय नजाने बालबालिकाहरुको पहिचान गरी विद्यालय शिक्षामा सहभागि गराउन आर्थिक सहयोगको व्यवस्था गर्ने ।

८) छात्राहरुलाई विद्यालय शिक्षामा आकर्षित गर्न छात्रवृत्ति, विद्यालय नियमितता भएमा प्रोत्साहन गर्ने कार्यक्रमहरु संचालन गर्ने ।

९) विद्यालयबाट हुने शैक्षिक भ्रमण कार्यक्रमलाई सिकाइ कार्यकलापसंग संयाजेना गर्न विद्यालयहरुलाई सहयोग गर्ने ।

१०) नगरपालिका क्षेत्र भित्र रहेका सुस्त मनस्थिति लगायत फरक क्षमता भएका बालबालिकाहरुको अध्ययनमा सहयोग गर्न छात्रवृत्ति तथा अन्य प्रोत्साहनमूलक कार्यक्रम संचालन गर्ने ।

११) विद्यालयमा साप्ताहिक अतिरिक्त क्रियाकलाप तथा खेलकुद गतिबिधिहरु संचालन गर्न सहयोग गर्ने।

### *१.४ कार्यक्रमको औचित्य*

यस नगरपालिकामा समता रणनीति कार्यन्वयन योजना लागु गर्नुको मुख्य औचित्य सबै किसिमका विद्यालय उमेर समुहका बालबालिकाहरुको विद्यालयमा पहुँच, सहभागिता र सिकाइ उपलब्धिमा बढोत्तरी गर्नु नै हो यसका अतिरित्त यस योजनाका औचित्यहरु देहाय अनुसार हुनेछन् :

(क) यसले विद्यालय बाहिर रहको विद्यालय उमेरका विशेष गरी आधारभूत तहमा अध्ययन गर्ने बालबालिकाहरुको शिक्षा प्राप्त गर्न पाउने हकलाई सुनिश्चित गर्न महत्वपूर्ण भूमिका खेल्दछ । (ख) यो योजनाले बालबालिकाहरुलाई विविध शैक्षिक गतिविधिहरुमा सक्रिय सहभागी गराइ टिकाइ राख्न सहयोग गर्दछ ।

(ग) यसले बालबालिकाहरुको सिकाइलाई बढोत्तरी गर्नका लागि सहयोग गर्दछ ।

(ङ) यो कार्यक्रमले सबै बालबालिकाहरुलाई समता र समावेशी कार्यनीतिको अवलम्बलन गरी विद्यालय शिक्षा प्रति आकर्षण गर्दछ ।

### १.५ योजना निर्माण प्रक्रिया तथा तथ्याङ्कका स्रोतहरु

भंगहा नगरपालिकाको समता रणनीति कार्यान्वयन योजना तर्जुमा गर्ने क्रममा निम्नानुसारको प्रक्रिया तथा तथ्याङ्कका स्रोतहरु अवलम्वन गरियो :

(१) योजना निर्माण कार्यदलले नगरपालिका भित्रका शैक्षिक सरोकारवालाहरु वुद्धिजिवि, शिक्षक, नगरकार्यपालिकाका निर्वाचित पदाधिकारीहरु, विभिन्न संघसस्थाहरुका प्रतिनिधिहरुसँग छुट्टा छुट्टै छलफल तथा अर्न्तक्रिया गरी समता रणनीति कार्यक्रमले समेट्न सक्ने सम्भावित कार्यक्रमहरुको बारेमा धारणा संकलन गरियो ।

(२) समता रणनीति कार्यन्वयन योजनामा लिइएका तथ्याङ्कका स्रोतहरु निम्न स्रोतबाट लिइएको थियो:

- शैक्षिक सत्र २०८१ को EMIS मा अपलोड गरिएको तथ्याङ्कहरु,
- घरधुरी सर्भेक्षण २०८१ का तथ्याङ्कहरु,
- शिक्षा तथा मानव स्रोत विकास केन्द्रबाट प्राप्त भएको जिल्ला, प्रदेश तथा राष्ट्रको तुलनात्मक शैक्षिक तथ्याङ्कहरु र
- नगरपालिकाको शिक्षा, युवा तथा खेलकुद शाखामा प्राप्त भएका शैक्षिक तथ्याङ्कहरु ।
- नगर प्रमुख, नगर उपप्रमुख, वडा अध्यक्षहरु, वडा सदस्यहरु ।
- प्रमुख प्रशासकीय अधिकृत, शिक्षा अधिकृत, शिक्षा विकास तथा समन्वय इकाइ ।
- प्रधानाध्यापक ज्यूहरु तथा अभिभावकहरु ।
- सामुदायिक सिकाइ केन्द्र ।
- यसका साथै तपसिल बमोजिमका स्रोतहरुबाट तथ्याङ्क संकलन गरिएको:
- वार्षिक परीक्षा नतिजा विवरण/विद्यार्थी सिकाई उपलब्धि,
- विद्यार्थी भर्ना विवरण,
- विद्यालय बाहिर रहेका बाल बालिकाहरु विद्यालय भित्रिंदा विद्यालयहरुमा वृद्धि हुने विद्यार्थी विवरण,
- शैक्षिक सामाग्री/बाल खेल सामाग्री कुल कर्नर व्यवस्था सम्बन्धी अभिलेखहरु,
- सामाजिक परिक्षण प्रतिवेदन ।

१.६ **नगरपालिकाको शैक्षिक अवस्थाको विश्लेषण:** भंगहा नगरपालिकाको शैक्षिक अवस्था देश, प्रदेश र जिल्लाको अवस्थाको तुलनामा सन्तोषजनक रहेको देखिन्छ। यहाँको साक्षरता दर पनि नेपालको औषत साक्षरता दरको तुलनामा कम रहेको पाइन्छ वि.सं.२०७८ को राष्ट्रिय जनगणनामा नेपालको साक्षरता दर प्रतिशत रहेकोमा नगरपालिका पार्श्व चित्र अनुसार यस नगरपालिकाको साक्षरता दर प्रतिशत रहको देखिन्छ।

विद्यालय विवरण

| **प्रकार/तह** | **सामुदायिक** | **सस्थागत** | **धार्मिक (मदर्शा)** | **कुल जम्मा** |
|---|---|---|---|---|
| माध्यमिक ११-१२ | ३ | ० | ० | ३ |
| माध्यमिक ९-१० | ७ | ० | ० | ७ |
| आधारभूत ६-८ | १४ | १ | ० | १५ |
| आधारभूत ४-५ | १८ | ३ | ० | २१ |
| आधारभूत १-३ | २६ | ७ | ९ | ४२ |
| बालविकास केन्द्र | ४१ | ७ | १ | ४९ |

तहगत विद्यार्थी संख्या :

| 2) बिद्यार्थी बिबरण (Stusents details) | Basic Level (1-5) | | | Basic Level (6-8) | | | Secondary Level (9-10) | | | Secondary Level (11-12) | | | Basic Level (1-8) | | | Secondary Level (9-12) | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | G | B | T | G | B | T | G | B | T | G | B | T | G | B | T | G | B | T |
| सबै प्रकारका विद्यालयमा कक्षागत र तहगत जम्मा विद्यार्थी सङ्ख्या | 4269 | 4208 | 8477 | 1978 | 1909 | 3887 | 464 | 425 | 889 | 100 | 104 | 204 | 6247 | 6117 | 12364 | 564 | 529 | 1093 |
| सामुदायिक विद्यालयमा कक्षागत र तहगत जम्मा बिद्यार्थी सङ्ख्या | 3478 | 3346 | 6824 | 1972 | 1883 | 3855 | 465 | 426 | 891 | 100 | 104 | 204 | 5450 | 5229 | 10679 | 565 | 530 | 1095 |
| सबै प्रकारका विद्यालयमा कक्षागत र तहगत दलित विद्यार्थी सङ्ख्या | 1387 | 1423 | 2810 | 613 | 645 | 1258 | 106 | 105 | 211 | 14 | 26 | 40 | 2000 | 2068 | 4068 | 120 | 131 | 251 |
| सामुदायिक विद्यालयमा कक्षागत र तहगत दलित विद्यार्थी सङ्ख्या | 1337 | 1289 | 2626 | 615 | 638 | 1253 | 106 | 105 | 211 | 14 | 26 | 40 | 1952 | 1927 | 3879 | 120 | 131 | 251 |
| सबै प्रकारका विद्यालयमा कक्षागत र तहगत अपाङ्गता भएका बिद्यार्थी सङ्ख्या | 6 | 6 | 12 | 3 | 1 | 4 | 0 | 0 | 0 | 0 | 0 | 0 | 9 | 7 | 16 | 0 | 0 | 0 |

| | | | | | | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| सामुदायिक विद्यालयमा कक्षागत र तहगत अपाङ्गता भएका विद्यार्थी सङ्ख्या | 5 | 6 | 11 | 3 | 1 | 4 | 0 | 0 | 0 | 0 | 0 | 0 | 8 | 7 | 15 | 0 | 0 | 0 |
| सबै प्रकारका विद्यालयमा कक्षागत र तहगत तोकिएका २२ जनजाती विद्यार्थी सङ्ख्या | 644 | 624 | 1268 | 437 | 416 | 853 | 152 | 111 | 263 | 36 | 15 | 51 | 1081 | 1040 | 2121 | 188 | 126 | 314 |
| सामुदायिक विद्यालयमा कक्षागत र तहगत तोकिएका २२ जनजाती विद्यार्थी सङ्ख्या | 595 | 545 | 1140 | 436 | 410 | 846 | 152 | 111 | 263 | 36 | 15 | 51 | 1031 | 955 | 1986 | 188 | 126 | 314 |
| सामुदायिक विद्यालयमा सन्चालित प्राबिधिक धारका विद्यार्थी सङ्ख्या (कक्षा ९-१२ मा) | 0 | 0 | 0 | 0 | 0 | 0 | 41 | 35 | 76 | 5 | 7 | 12 | 0 | 0 | 0 | 46 | 42 | 88 |

शिक्षक विवरण :

| क.स. | ५) विद्यालय प्रकार अनुसार तहगत शिक्षक बिबरण (**Number of Teachers by Levels and Types**) | ECED | | | Lower Basic (G1-5) | | | Upper Basic (G 6-8) | | | Secondary (G 9-10) | | | Secondary (G 11-12) | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | Female | Male | Total | Female | Male | Total | Female | Male | Total | Female | Male | Total | Female | Male | Total |
| १ | सबै प्रकारका विद्यालयमा | 48 | 0 | 48 | 75 | 78 | 153 | 6 | 32 | 38 | 1 | 23 | 24 | 0 | 3 | 3 |

| | | | | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | तहगत जम्मा शिक्षक सङ्ख्या | | | | | | | | | | | | | | | |
| २ | सबै प्रकारका सामुदायिक बिद्यालयमा तहगत जम्मा शिक्षक सङ्ख्या | 41 | 0 | 41 | 58 | 65 | 123 | 6 | 32 | 38 | 1 | 23 | 24 | 0 | 3 | 3 |
| ३ | सबै प्रकारका सामुदायिक बिद्यालयमा स्वीकृत र राहत दरबन्दीमा कार्यरत तहगत जम्मा शिक्षक सङ्ख्या | 41 | 0 | 41 | 52 | 60 | 112 | 0 | 17 | 17 | 1 | 17 | 18 | 0 | 3 | 3 |
| ४ | सामुदायिक बिद्यालयमा कार्यरत प्रशिक/शिक्षक सङ्ख्या (कक्षा ९-१२) | | | | | | | | | | 0 | 5 | 5 | 0 | 4 | 4 |
| ५ | पालिका द्वरा सामुदायिक बिद्यालयहरूमा नियुक्त गरिएका तहगत कार्यरत शिक्षक सङ्ख्या | 0 | 0 | 0 | 10 | 0 | 10 | 1 | 12 | 13 | 0 | 4 | 4 | 0 | 0 | 0 |

शिक्षक विद्यार्थी अनुपात (STR):

| 2) बिद्यार्थी बिबरण (Stusents details) | ECED | | | Basic Level (1-5) | | | Basic Level (6-8) | | | Secondary Level (9-10) | | | Secondary Level (11-12) | | | Basic Level (1-8) | | | Secondary Level (9-12) | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | G | B | T | G | B | T | G | B | T | G | B | T | G | B | T | G | B | T | G | B | T |
| चालु शैक्षिक सत्रमा सामुदायिक बिद्यालयको स्वीकृत दरबन्दी र राहत दरबन्दीमा कार्यरत शिक्षक र तहगत जम्मा बिद्यार्थीको अनुपात (STR) | | | **31** | | | **61** | | | **227** | | | **50** | | | **68** | | | | | | |
| सामुदायिक बिद्यालयको स्वीकृत दरबन्दी र राहत दरबन्दीमा कार्यरत शिक्षक र तहगत जम्मा बिद्यार्थीको आधारमा शिक्षा ऐन/नियमावली अनुसार तोकिएको अनुपात (STR) | | | **20** | | | **45** | | | **45** | | | **45** | | | **45** | | | | | | |
| सामुदायिक बिद्यालयको स्वीकृत दरबन्दी र राहत दरबन्दीमा कार्यरत शिक्षक र तहगत जम्मा बिद्यार्थीको आधारमा पालिका द्वरा तोकिएको अनुपात (STR) | | | **20** | | | **35** | | | **40** | | | **40** | | | **40** | | | | | | |

विद्यालय बाहिर रहेका बालबालिकाको संख्या :

| वडा नं. | दलित | | | जनजाति | | | अन्य | | | कुल जम्मा | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | बालक | बालिका | जम्मा | बालक | बालिका | जम्मा | बालक | बालिका | जम्मा | बालक | बालिका | जम्मा |
| १ | ८ | १५ | २३ | ५ | ५ | १० | ५ | २ | ७ | १८ | २२ | ४० |
| २ | ३१ | ५१ | ८२ | ४ | २ | ६ | ३२ | १६ | ४८ | ६७ | ६९ | १३६ |
| ३ | ३० | ४५ | ७५ | १९ | १७ | ३६ | १० | २० | ३० | ५९ | ८२ | १४१ |
| ४ | १५ | ८ | २३ | ० | ० | ० | ३ | ० | ३ | १८ | ८ | २६ |
| ५ | १२ | १३ | २५ | १ | १ | २ | १६ | ३ | १९ | २९ | १७ | ४६ |
| ६ | २६ | २८ | ५४ | ७ | ७ | १४ | २५ | १५ | ४० | ५८ | ५० | १०८ |
| ७ | ३० | ३४ | ६४ | ० | ० | ० | १४ | ७ | २१ | ४४ | ४१ | ८५ |
| ८ | ८६ | ८२ | १६८ | १ | ० | १ | १८ | १६ | ३४ | १०५ | ९८ | २०३ |
| ९ | २०८ | २०९ | ४१७ | ७ | २ | ९ | १५ | २८ | ४३ | २३० | २३९ | ४६९ |
| कुल जम्मा | ४४६ | ४८५ | ९३१ | ४४ | ३४ | ७८ | १३८ | १०७ | २४५ | ६२८ | ६२६ | १२५४ |

## शैक्षिक उपलब्धिः

यस नगरपालिकाको स्थापनासँगै शिक्षामा जोड दिइँदै आएको छ । हरेक वर्ष शिक्षा क्षेत्रको बजेटमा विस्तार गरिँदै आएको छ । विद्यालय शिक्षालाई गहन रुपमा विश्लेषण गर्दा पछिल्ला दिनमा शिक्षाको पहुँचमा उल्लेखनीय विस्तार

भएको भए पनि गुणस्तर तथा सिकाइ उपलब्धि सुनिश्चतता एक मुख्य चुनौतीको विषय रहेको छ । समग्र शैक्षिक सूचकको अवस्थालाई तलको टेबलमा प्रस्तुत गरिन्छ ।

| Gross Enrollment Rate (ECD/PPC) | | | Net Enrollment Rate (ECD/PPC) | | | GIR Grade 1 | | | NIR Grade 1 | | | GER (1-5) | | | NER (1-5) | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| G | B | T | G | B | T | G | B | T | G | B | T | G | B | T | G | B | T |
| 82.1 | 80.3 | 81.1 | 68.9 | 63.4 | 65.9 | 130.3 | 118.4 | 124.2 | 96.0 | 96.3 | 96.2 | 141.8 | 130.1 | 135.8 | 95.6 | 95.0 | 95.3 |

| GER (6-8) | | | NER (6-8) | | | GER (1-8) | | | NER (1-8) | | | GER (9-10) | | | NER (9-10) | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| G | B | T | G | B | T | G | B | T | G | B | T | G | B | T | G | B | T |
| 99.3 | 94.3 | 96.8 | 94.8 | 93.4 | 94.1 | 127.0 | 117.9 | 122.4 | 95.3 | 94.5 | 94.9 | 86.7 | 87.3 | 87.0 | 65.7 | 68.4 | 67.0 |

| GER (11-12) | | | NER (11-12) | | | GER (9-12) | | | NER (9-12) | | | Survival Rate upto Grade 8 | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| G | B | T | G | B | T | G | B | T | G | B | T | G | B | T |
| 29.3 | 43.3 | 34.1 | 24.0 | 25.0 | 24.3 | 55.5 | 69.2 | 61.1 | 43.0 | 50.5 | 46.1 | 87.1 | 87.1 | 87.1 |

| Indicator | ECD/PPC | | | G1 | | | G2 | | | G3 | | | G4 | | | G5 | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | Girls | Boys | Total | Girls | Boys | Total | Girls | Boys | Total | Girls | Boys | Total | Girls | Boys | Total | Girls | Boys | Total |
| Total students | 810 | 946 | 1756 | 1371 | 1213 | 2584 | 918 | 907 | 1825 | 768 | 831 | 1599 | 781 | 784 | 1565 | 769 | 709 | 1480 |
| Droup out | 47 | 47 | 94 | 54 | 49 | 103 | 17 | 35 | 52 | 20 | 36 | 56 | 41 | 40 | 81 | 18 | 31 | 49 |
| Repeater | 353 | 438 | 791 | 477 | 345 | 822 | 157 | 152 | 309 | 108 | 114 | 222 | 111 | 104 | 215 | 70 | 69 | 139 |
| Passed | 410 | 461 | 871 | 840 | 819 | 1659 | 744 | 720 | 1464 | 640 | 681 | 1321 | 629 | 640 | 1269 | 681 | 609 | 1292 |
| Droup out rate | 5.8 | ५ | 5.35 | ४ | 4 | ४ | 1.85 | 3.85 | 2.84 | 2.6 | 4.33 | 3.5 | 5.25 | 5 | 5.17 | 2.34 | 4.37 | 3.31 |
| Repeater rate | 43.58 | 46.3 | 45 | 34.79 | 28.44 | 31.81 | 17.1 | 16.76 | 16.93 | 14.06 | 13.72 | 13.88 | 14.21 | 13.27 | 13.74 | 9.1 | 9.73 | 9.39 |
| Passed rate | 50.62 | 48.73 | 49.6 | 61.27 | 67.52 | 64.2 | 81 | 79.38 | 80.22 | 83.33 | 81.95 | 82.61 | 80.54 | 81.63 | 81.09 | 88.56 | 85.9 | 87.3 |

| Indicator | G6 | | | G7 | | | G8 | | | G9 | | | G10 | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | Girls | Boys | Total | Girls | Boys | Total | Girls | Boys | Total | Girls | Boys | Total | Girls | Boys | Total |
| Total students | 603 | 578 | 1181 | 588 | 590 | 1178 | 544 | 517 | 1061 | 381 | 359 | 740 | 331 | 279 | 611 |
| Droup out | 19 | 17 | 36 | 49 | 69 | 118 | 37 | 42 | 79 | 27 | 41 | 68 | 0 | 0 | 0 |
| Repeater | 63 | 50 | 113 | 72 | 93 | 165 | 314 | 322 | 636 | 20 | 17 | 37 | 0 | 1 | 1 |
| Passed | 521 | 511 | 1032 | 467 | 428 | 895 | 193 | 153 | 346 | 334 | 301 | 635 | 331 | 278 | 610 |
| Droup out rate | 3.15 | 2.94 | 3 | 8.33 | 11.69 | 10 | 6.8 | 8.12 | 7.44 | 7 | 11.42 | 9.18 | 0 | 0 | 0 |
| Repeater rate | 10.45 | 8.65 | 9.56 | 12.24 | 15.76 | 14 | 57.72 | 62.28 | 59.94 | 5.24 | 4.73 | 5 | 0 | 0.35 | 0.16 |
| Passed rate | 86.4 | 88.41 | 87.38 | 79.42 | 72.54 | 75.98 | 35.48 | 29.59 | 32.61 | 87.66 | 83.84 | 85.81 | 100 | 99.64 | 99.84 |

१.७. विद्यमान अवस्था, चुनौति तथा योजनाको खाका  तथ्याङ्क विश्लेषणको क्रममा माथिका तथ्यहरुबाट यस पालिकाको शैक्षिक अवस्था र यहाँका बालबालिकाहरुको विद्यालयमा पहुँचको अवस्था थाहा भएको छ । पालिका भित्र स्थापना भएका विद्यालय र विद्यालय उमेरका बालबालिकाहरुको अनुपात असन्तुलित देखिएको तथा विद्यालयमा भर्ना भएका बालबालिकाहरुको अनुपातमा शिक्षक व्यवस्थापन तथा भौतिक संरचना नहुनु साथै सामाजिक रुढिबादी प्रचलनले गर्दा बालिकाहरुलाई विद्यालयको पहुँच कम दिइनु, बालविकास केन्द्रहरु विद्यालय उमेरका सबै बालबालिकाहरुको पहुँचमा नहुनु आदिले यहाँको शैक्षिक अवस्था अति नै पछाडी परको देखिन्छ ।

अगामी आर्थिक वर्षबाट लागु हुने समता रणनीति कार्यन्वयन योजनाले विद्यालय उमेर समूहका बालबालिकाहरुको शिक्षामा महत्वपूर्ण भूमिका खेल्ने देखिन्छ । योजना निर्माण गर्ने क्रममा असल अभ्यासहरुलाई निरन्तरता दिदै योजनालाई परिचय, बालविकास/पूर्वप्राथमिक शिक्षा र आधारभूत शिक्षा गरी तीन ओटा अध्यायहरुमा विभाजन गरिएकोमा परिचय खण्ड यस भन्दा अगाडी नै उल्लेख गरी सकियो भने बाल विकास/पूर्वप्राथमिक शिक्षा र आधारभूत शिक्षालाई छुट्टा छुट्टै खण्डमा पछिल्ला अध्यायहरुमा कार्यक्रम कार्यान्वयन मार्गचित्र सहित प्रस्तुत गरिएको छ ।

# अध्याय : दुई- बालविकास/पूर्व प्राथमिक शिक्षा

## २.१ बालविकास केन्द्र र पूर्व प्राथमिक शिक्षा

राष्ट्रिय पाठ्यक्रम प्रारुप २०७६ अनुसार ४ वर्ष उमेरका बालबालिकाहरुलाई प्रारम्भिक बालविकास तथा पूर्व प्राथमिक शिक्षा दिन सकिने व्यवस्था रहको छ । यस्तै संघिय शिक्षा ऐन २०२८ ले पनि चार बर्षका बालबालिकाहरुलाई एक वर्षको प्रारम्भिक बाल शिक्षा दिन सकिने व्यवस्था गरेको छ । यसै कुरालाई कार्यन्वयन गर्ने क्रममा नेपालका प्रत्येक विद्यालयमा आधारित भई तथा समुदायमा आधारित भई बालविकास केन्द्रहरुको स्थापना गरिएका छन् । यसरी स्थापना भएका बालविकास केन्द्रले ४ वर्ष उमेरका बालबालिकाहरुलाई पूर्व प्प्राथमिक शिक्षा दिने गरेका छन् ।

२.२ बालविकास केन्द्रका चुनौतिहरु  यस पालिका भित्र विद्यालयमा आधारित बाल विकास केन्द्रहरु स्थापना भई संचालनमा रहेका छन् जसको विवरण देहाय अनुसार रहेको छ :

| क्र.स. | विद्यालयको नाम | संचालित कक्षा | प्रारम्भिक बालविकास तथा शिक्षा केन्द्र |
|---|---|---|---|
| १ | श्री मा.वि. भंगहा,सीतापुर,सिध्दपुर | ०-१२ | २ |
| २ | श्री किशारी जनता मा.वि. हरिणमरी | ०-१२ | २ |
| ३ | श्री शंकर मा.वि. मेघरौल | ०-१२ | १ |
| द्ध | श्री नारायण मा.वि गोरहन्ना | ०-१० | २ |
| छ | श्री महेन्द्र मा.वि सिंग्याही | ०-१० | १ |
| ट | श्री लक्ष्मी मा.वि. हतिसर्वा | ०-१० | २ |
| ठ | श्री सार्वजनिक मा.वि भिमगढ | ०-१० | १ |
| ड | श्री राष्ट्रिय आधारभुत (०-८) विद्यालयरामनगर बिर्ता | ०-८ | १ |
| ढ | श्री जनताआधारभुत (०-८) विद्यालयथारुटोल बनरा | ०-८ | ३ |
| ज्ञण | श्री जनताआधारभुत (०-८) विद्यालय राजपुर | ०-८ | १ |
| ज्ञज्ञ | श्री राम जानकी आधारभुत (०-८) विद्यालय कविलासा | ०-८ | १ |
| ज्ञद् | श्री राष्ट्रिय आधारभुत (०-८) विद्यालय पड्रीया | ०-८ | ३ |
| ज्ञघ | श्री राष्ट्रिय आधारभुत (०-८) विद्यालय संग्रामपुर | ०-८ | २ |
| ज्ञद्ध | श्री सरयुग आशाराम आधारभुत (०-८) विद्यालय धर्मपुर | ०-८ | २ |
| ज्ञछ | श्री जनता आधारभुत (०-५) विद्यालय बखरी | ०-२ | १ |
| ज्ञट | श्री कन्चनवन आधारभुत (०-५) विद्यालय हरीहरपुर | ०-२ | १ |

| | | | |
|---|---|---|---|
| ज्ञठ | श्री जनता आधारभुत (०-५) विद्यालय हर्षपुर | ०-२ | १ |
| ज्ञड | श्री ज्ञानकुन्ज आधारभुत (०-५) विद्यालय करुणाटोल | ०-२ | १ |
| ज्ञढ | श्री हरीइसर आधारभुत (०-५) विद्यालय मजरा | ० | १ |
| द्दण | श्री हरीजन आधारभुत (०-५) विद्यालय सकरी | ०-५ | २ |
| द्दज्ञ | श्री रामपृत आधारभुत (०-५) विद्यालय अनारवन | ०-१ | १ |
| द्दद्द | श्री वि.पि.स्मारक आधारभुत (०-५) विद्यालय अजगैवा | ०-५ | २ |
| द्दघ | श्री सवरी दलित आधारभुत (०-५) विद्यालय मुसहरी टोल | ० | १ |
| द्दद्ध | श्री श्रीनगर सामुदायिक आधारभुत (०-५) विद्यालय | ०-३ | २ |
| द्दछ | श्री जनता आधारभुत (०-५) विद्यालय पर्सा | ०-५ | १ |
| द्दट | श्री राष्ट्रिय आधारभुत (०-५) विद्यालय महुवा टिकुलिया | ०-५ | १ |
| द्दठ | श्री जनता आधारभुत (०-५) विद्यालय कटैया | ०-३ | २ |

यस पालिका भित्रका बालविकास केन्द्रका चुनौतिहरु निम्नानुसार रहेका छन् :

क) पाठ्यक्रम केन्द्रित सहजीकरण गर्न नसक्नु
ख) पर्याप्त भौतिक पूर्वाधार विकास नहुदा कक्षाकोठामा मुख्य सिकाईका ६ क्षेत्र निर्धारण गर्न नसक्नु
ग) प्रारम्भिक बाल उमेर समूहका सम्पूर्ण बालबालिकालाई १ बर्षे प्रारम्भिक बालविकास तथा शिक्षामा भर्ना गर्न नसक्नु ।
घ) कम उमेर तथा बढी उमेर सामुका बालबालिका भर्ना हुँदा कक्षा कोठा तथा सिकाई व्यवस्थापन गर्न कठिन हुनु ।
ङ) अभिभावकहरुको अवधारण परिवर्तन गर्न नसक्नु ।

## २.३ बालविकास केन्द्र सुधारका लागि समता रणनीति,कार्यनीति र यसका कार्यक्रम/क्रियाकलाप र लागत अनुमानः

भंगहानगरपालिका भित्र संचालित विभिन्न बालविकास केन्द्रहरु मातृ विद्यालयमा आधारित रहेका छन् । यी बाल विकास केन्द्रमा विद्यमान बालबालिकाहरुलाई अनुकूल किसिमका कक्षा कोठा, शैक्षिक सामाग्रीहरु तथा अन्य व्यवस्थापकिय पक्षमा विद्यालय तथा अन्य सरोकारवाला पक्षहरुले ध्यान नदिएको कारण विद्यालय मातहतमा रहेर पनि अभिभावक विहिन जस्तो अवस्था देख्न सकिन्छ । बालविकास केन्द्रको समग्र पक्षलाई सुधार गर्दै बाल आकर्षणको केन्द्र बनाउनका लागि सम्बन्धित पक्षहरुको ध्यान केन्द्रित गर्दै तालिकामा उल्लेखित विविध पक्षहरुलाई कार्यान्वयनमा जानका लागि गत आ.व.मा तर्जुमा गरिएका तथा केही नयाँ पक्षहरुको समेत पहिचान गरिएको छ । माथि उल्लेखित समस्याहरुलाई समाधान गर्दै विद्यालय बाहिर रहेका बालबालिकाहरुलाई विद्यालय प्रति आकर्षित गर्न, टिकाइ राख्न र सिकाइमा गुणस्तरियता कायम गर्नका लागि देहाय अनुसारका रणनीति, कार्यनीति र तीनलाई सम्बोधन गर्ने खालका कार्यक्रमहरुको तर्जुमा गरिएको छ ।

| रणनीति | कार्यनीति | कार्यक्रम/क्रियाक लाप | अनुमानित लागत (वार्षिक)रु. | जिम्मेवारी निकाय | समता रणनीतिलाई सम्बोधन गर्ने पाटो |
|---|---|---|---|---|---|
| १. बालविकास उमेर समूहका बालबालिकाहरुलाई बालविकास केन्द्रमा पहुँच पुऱ्याउने । | बालविकास केन्द्रका बालबालिकाहरुलाई प्रोत्साहन स्वरुप विभिन्न सामाग्रीहरु वितरण गर्ने । | विपन्न नयाँ तथा अध्ययनरत बालबालिकाहरुलाई झोला, ड्रेस, कापी र सिसाकलम वितरण गर्ने । | १५००००/ | सम्बन्धित वडा, सामुदायिक सिकाइ केन्द्र, नगरपालिका | बालबालिकाहरुको विद्यालय उपस्थिति दर बढ्नेछ । |
| | विद्यालय बाहिर रहेका बालबालिकाहरुको पहिचान र भर्नामा वडा समितिका पदधिकारी, शिक्षक, स्वयम्सेवकहरुलाई परिचालन गर्ने । | भर्ना अभियान तथा अभिभावक सचेतिकरण कार्यक्रम संचालन गर्ने । | ६००००/ | सम्बन्धित वडा, सामुदायिक सिकाइ केन्द्र, नगरपालिका | भर्ना दरमा वृद्धि र बालबालिककाहरु विद्यालयमा नियमित हुने छन् |
| २. पोषण, सरसफाइ, बालविकास बालअधिकारको बारेमा अभिभावकहरुलाई सचेत गराउने । | पोषण, सरसफाई, बालविकास तथा जन्मदर्ता लगायतका बालअधिकारको विषयमा अभिभावकहरुलाई सचेतना मूलक तालिम संचालन गर्ने । | दिवा खाजा व्यवस्थालाई थप प्रभावकारी बनाउन तथा शैक्षिक गुणस्तर बृद्धि गर्न गाउँस्तरिय अनुगमन उप समिति गठन गरी अनुगमन गर्ने । | | नगरपालिका, वडा, CLC विद्यालय, वि.व्य.स., स्वास्थ्य संस्थाहरु | अभिभावकहरु पोषण, सरसफाई तथा बालअधिारका कुराहरु व्यवहारमा ल्याउने छन् । |
| ३. उत्कृष्ट बालविकास केन्द्रलाई प्रोत्साहन तथा पुरस्कृत गर्ने | नगरपालिका भित्रका बालविकास केन्द्रको अध्ययन गरी बालमैत्री बालविकास केन्द्रको रुपमा विकास गर्न प्रोत्साहन स्वरुप नगद तथा सामाग्री पुरस्कारको व्यवस्था गर्ने । | • उत्कृष्ठ २ बा.वि.केन्द्रलाई प्रोत्साहन स्वरुप नगद तथा सामाग्री पुरस्कारको व्यवस्था गर्ने । | १००००० | सम्बन्धित वडा, नगरपालिका | • बालमैत्री बालविकास केन्द्रको अभ्यास अन्य स्थान तिर पनि सुरु हुने ।<br>• बालबालिकाहरुको विकासमा अनुकूल वातावरण तयार हुने । |
| ४. शिक्षक तथा सहजकर्ताहरुको तालिम तथा क्षमता विकास कार्यक्रम संचालन गर्ने | सहजकर्ताहरुको लागि बालबालिका बसाइ व्यवस्थापन, शैक्षिक सामग्री निर्माण, पाठ्यक्रम सहित आधारभूत तथा पुर्नताजगी तालिम दिने । | तालिम प्राप्त नगरेका शिक्षक/सहजकर्ताहरुलाई ५ दिने आधारभूत तथा पुर्नताजगी तालिम दिने । | १५०००० | नगरपालिका तथा गैससहरु | शिक्षक/सहजकर्ताको क्षमता बृद्धि हनु । |
| | बालविकास केन्द्रका सहजकर्ताहरुको विषयगत त्रैमासिक कार्यशाला गोष्ठी संचालन गर्ने । | त्रैमासिक कार्यशाला गोष्ठी संचालन गर्ने । | २०००० | नगरपालिका तथा गैससहरु | शिक्षक/सहजकर्ताको क्षमता बृद्धि हनु । |

| | | | | | |
|---|---|---|---|---|---|
| ५.बहुभाषिक कक्षा शिक्षण गर्ने | बालबालिकाको व्यक्तिगत क्षमता पहिचान गरी स्थानीय भाषामा सिकाई क्रियाकलाप गर्ने | विद्यार्थी दर्ता अभिलेख अनिवार्य र नियमित गरिने | ५०००० | विद्यालय | • कक्षा छोड्ने दर कम हनु<br>• विद्यार्थी नियमित भई सिकाइ वातााावरमा विद्यार्थी रमाउने । |
| ६.बालविकास केन्द्रको क्षमता विकास तथा स्तरोन्नति गर्ने | प्रारम्भिक बालविकास तथा शिक्षा केन्द्रको न्यूनतम मापदण्ड पुरा गर्ने | न्यूनतम सामग्री सहित सिकाइको ६ कुनाको व्यवस्था गर्ने | ५००००० | संघ, वडा, नगरपालिका र गैससहरु | विद्यार्थीहरुको सर्वांगीण पक्षको विकास हुने |
| ७.प्रभावकारीअनुगमन, नियमन तथा सुपरिवेक्षण गर्ने | बालविकास केन्द्रको नियमित अनुगमन र सुपरिवेक्षण गरिने | अनुगमन योजना निर्माण गरी सरोकारित नियकायाहरुलाई अनुगमनको पाटोमा जिम्मेवार र सक्रिय बनाउने | २५००० | वडा, CLC, नगरपालिका र गैसस | नियमित क्रियाकलापमा क्रियाशीलता र कुशलता अभिवृद्धि हुने |
| ८. बालविकास केन्द्रमा सुशासन तथा पादर्शिता बनाई अभिभावकहरुको सहभागिता बढाउने । | अभिभावक सचेतीकरण तथा अन्तरक्रिया कार्यक्रम संचालन गर्ने | बालविकासको गतिविधिको बारेमा अभिभावकलाई जानकारी दिन विद्यालयगत अभिभावक भेला तथा छलफल गरिनेछ | २००००० | | विद्यार्थी नियमितमा वृद्धि हुने |

## अध्याय : तीन -आधारभूत तह शिक्षा

### ३.१ आधारभूत तह शिक्षा

राष्ट्रिय पाठ्यक्रम प्रारुप २०७६ अनुसार ५ देखी १२ वर्ष उमेरका बालबालिकाहरुलाई आधारभूत तहको शिक्षा प्रदान गरिने व्यवस्था रहके ो छ भने नेपालको संविधानले आधारभूत तह सम्मको शिक्षालाई अनिवार्य र निशुल्क पाउने संवैधानिक व्यवस्था गरेको छ। संविधानको यही मौलिक हकलाई कार्यान्वयन गर्न अनिवार्य र निशुल्क शिक्षा सम्बन्धि ऐन २०७६ पनि कार्यान्वयनमा रहेको छ। नेपालका सबै बालबालिकाहरुलाई अनिवार्य र निशुल्क शिक्षा प्रदान गर्नका लागि स्थानिय तहहरुले पनि विभिन्न कार्यविधि र मापदण्डहरुको तर्जुमा गरी कार्यान्वयनमा ल्याएका छन्। यस्तै राजपुर नगरपालिकापनि यहाँका सबै बालबालिकाहरुलाई अनिवार्य र निशु्क आधारभूत शिक्षा प्रदान गर्न विभिन्न संघसस्था, प्रदेश तथा संघिय सरकारसँग समन्वय र सहकार्य गर्दै अगाडी बढिरहेको अवस्था छ। सबै बालबालिकाहरुको पहँचुमा आधारभूत तहको शिक्षा पुर्याउन एक महत्वपूर्ण योजनाका रुपमा लागु भएको समता रणनीति कार्यान्वयन योजनाले यस पालिका भित्रका विद्यालय बाहिर रहेका धेरै बालबालिकाहरुलाई विद्यालयमा ल्याउने अपेक्षा राखिएको छ।

समता रणनीति कार्यान्वयन योजना २०८० मा गरिएको सर्भेक्षण अनुसार यस पालिकाका विद्यालय उमेर समूह( ४ वर्ष देखि १४ वर्ष ) को कुल जनसंख्याको ६९४९ मध्ये विद्यालय उमेर समूह(४ वर्ष देखि १४ वर्ष )का करिब १२५४ जना बालबालिकाहरु अझै पनि विद्यालय बाहिर रहेका छन्। यस्ता बालबालिकाहरुलाई विद्यालयमा ल्याउनु यस योजनाको लक्ष्य हो। शारीरिक रुपमा फरक क्षमता भएका बालबालिकाहरुलाई अध्ययन गर्ने विशेष विद्यालयहरु यस पालिकामा नभएकोले त्यस्ता बालबालिकाहरुको शिक्षा प्राप्तिको अधिकार अझै पनि व्यवहारिक रुपमा लागु हुन सकिरहेको छैन। यस योजनाले यस्तै विविध समस्याहरुको पहिचान गरी विद्यालय बाहिरका बालबालिकाहरुलाई विद्यालयमा ल्याइ टिकाइ राख्न महत्वपूर्ण भूमिका खेल्ने अपक्षा राखिएको छ।

### ३.२ योजना कार्यान्वयनका समस्या तथा चुनौतिहरु

भंगहा नगरपालिकामा आधारभूत तहको शिक्षा प्रदान गर्नका लागि देखिएका चुनौतिहरु :

- क) नियमित उपस्थितिको अभाव हुनु |
- ख) आधारभूत तह (१-५) पुरा गरेका सम्पूर्ण बालबालिकालाई यस तहमा भर्ना गर्न र तह पुरा गराउन नसक्नु |
- ग) मुख्य तथा अनिवार्य विषयको कमजोर सिकाई उपलब्धि हुनु |
- घ) कक्षा दोहर्याउने र छोड्ने दर ठुलै देखिनु |
- ङ) अन्य संस्थागत विद्यालयमा अध्ययन गर्ने र सामुदायिक विद्यालयमा भर्ना भई परीक्षा दिने गलत परिपाटी रोक्न नसक्नु |
- च) परिक्षा प्रणालीलाई मार्यादित, विश्वसनीय र उपलब्धिमुलक बनाउन नसक्नु |
- छ) बालमैत्री, अपांगमैत्री र छात्रामैत्रै विद्यालय बातावरण र शिक्षण सिकाई नहुनु |
- ज) विद्यालय उमेर समूहका केहि बालबालिका अझै विद्यालय बाहिर रहनु |
- झ) शिक्षक विद्यार्थी अनुपातमा धेरै देखिनु |

*३.३ समता रणनीति तथा कार्यक्रम*

भंगहानगरपालिकामा आधारभूत तहको शिक्षा प्रदान गर्न देखिएका चुनौतिहरुलाइ न्युनिकरण गर्न तय गरिएको समता रणनीति, कार्यविधि, कार्यक्रम तथा कार्यक्रमले समेट्ने समता रणनीतिलाई सम्बोधना गर्ने पाटो निम्नानुसार तालिकामा प्रस्तुत गरिएको छ ।

| रणनीति | कार्यनीति | कार्यक्रम | अनुमानित बजेट (वार्षिक)रु. | जिम्मेवार निकाय | समता रणनीलाई सम्बोधन गर्ने पाटो |
|---|---|---|---|---|---|
| १. विद्यालय उमेर समूहका बालबालिकाहरुलाई विद्यालयको पहुँच पुऱ्याउने । | १.१ विद्यालय भर्ना नभएका बालबालिकाहरुको पहिचान गरी विद्यालयमा भर्ना गरिनेछ । | १.१.१ विद्यालयमा नयाँ भर्ना भएका विपन्न बालबालिकाहरुलाई प्रोत्साहन स्वरुप विभिन्न सामाग्रीहरु उपलब्ध गराउने | १५०००० | नगरपालिका | बालबालिकाहरुको विद्यालयमा पहुँच बढ्ने । |
| | १.२ विद्यालयमा भर्ना भएका बालबालिकाहरुलाई प्रोत्साहन कार्यक्रम संचालन गरिनेछ । | १.१.२ विद्यालय बाहिरका बालबालिकाहरुको पहिचान र भर्नामा वडा समितिका पदधिकारी, शिक्षक, स्वयम्सेवकहरुलाई परिचान गर्ने । | २०००००० | विद्यालय, CLC, वडा र नगरपालिका | |
| २. नियमित रुपमा शिक्षण सिकाइ क्रियाकलापको सुनिश्चितता गर्ने । | २.१ शिक्षक तथा विद्यार्थीहरुको दैनिक उपस्थितिको नियमन गरी नियमित गरिने छ । | २.१ विद्यार्थी तथा शिक्षकहरुको दैनिक उपस्थिति दर बढाउन दैनिक हाजिरी प्रणालीमा सुदृढिकरण गर्ने । | | | • सिकाइ उपलब्धिमा बृद्धि ।<br>• बाल सहभागितामा बढोत्तरी । |
| | | २.१.२ विद्यार्थीहरुको नियमित रुपमा हाजिरी तथा कार्यकलापहरुको अभिलेखिकरण गर्ने । | | | |
| | | २.१.३ नगरपालिकाबाट कम्तिमा महिनाको एक पटक विद्यालयको अनुगमन गर्ने । | | | |
| ३. निरन्तर विद्यार्थी मूल्याङ्कन प्रणालीको पूर्णरुपमा अवलम्बन गर्ने । | ३.१ निरन्तर विद्यार्थी मूल्याङ्कन सम्बन्धि अभिलेखहरु चुस्तदुरुस्त राखिने छ । | ३.१.१ प्रत्येक बालबालिकाहरुको व्यक्तिगत प्रोफाइल तयार गर्ने । | ३००००० | | • सिकाइ उपलब्धिमा बृद्धि ।<br>• बाल सहभागितामा बढोत्तरी । |
| | | ३.१.२ अभिभावकहरुको सक्रियतामा बालबालिकाहरुलाई पृष्ठपोषण प्रदान गर्ने खालका कार्यक्रमहरु संचालन गर्ने । | २००००० | | |
| | | ३.१.३ आधारभूत तहमा अध्यापन गराउने शिक्षकहरुको लागि CAS सम्बन्धि तालिम संचालन । | १५०००० | | |
| | | ४.१.१ बालसुलभ खेलकुद सामाग्रीहरु उपलब्ध गराउने । | | | |

| | | | | | |
|---|---|---|---|---|---|
| ४. खेलकुद तथा अतिरिक्त क्रियाकलापमा बृद्धि गर्ने । | ४.१ नियमित खेलकुद तथा अतिरिक्त क्रियाकलापको व्यवस्थित कार्यतालिका निर्माण गरिने छ । | ४.१.२ नगरपालिका स्तरिय अतिरिक्त क्रियाकलापको आयोजना, संचालन तथा पुरस्कारको व्यवस्था गर्न । | ३००००० | | बाल सहभागितामा बढोत्तरी । |
| ५. शैक्षिक तथ्याङ्कको सत्यापिकरणका लागि तालिम संचालन गर्ने । | ५.१ नगरपालिका भित्रको शैक्षिक तथ्याङ्कको व्यवस्थापनका लागि शिक्षक तालिम संचालन गरिनेछ । | ५.१.१ नगरपालिका भित्रको शैक्षिक तथ्याङ्कको व्यवस्थापनका लागि शिक्षक तालिम संचालन गर्ने । | १५०००० | | सहभागिता र पहुँचमा बृद्धि । |
| ६. उत्कृष्ट आधारभूत विद्यालय (१-५) प्रोत्साहन तथा पुरस्कार कार्यक्रम | ६.१ नगरपालिका भित्रको आ.वि.हरुको अध्ययन गरी बालमैत्री विद्यालय केन्द्रको रुपमा विकास गर्न प्रोत्साहन स्वरुप नगद तथा सामाग्री पुरस्कारको व्यवस्था गर्ने । | ६.१.१ उत्कृष्ठ २ आ.वि. केन्द्रलाई प्रोत्साहन स्वरुप नगद तथा सामाग्री पुरस्कारको व्यवस्था गर्ने । | २००००० | | |

*पुनश्चः*

१. आधारभूत तहको शिक्षामा सबै बालबालिकाहरुको पहुँच र सहभागिता स्थापित गर्न तथा सिकाई उपलब्धि अभिबृद्धिका लागि माथि तय गरिएका कार्यक्रमहरुको लागत अनुमानित हो र यो लागत अनुमानमा फरक पर्न गएमा पहिलो प्राथमिकतामा रहेका कार्यक्रमहरुलाई लागत पुरा गरी दोस्रो प्राथमिकताका कार्यक्रमहरु कार्यान्वयन गरिनेछ ।

२. नगरपालिकाबाट आर्थिक दायित्व प्राप्त हुने कार्यक्रम नगरपालिकाबाट बजेट विनियोजन भएको अवस्थामा मात्र कार्यान्वयन हुनेछन् ।